# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

१३ जेठ २०७७

## जातीय विभेदको विषयमा शून्य सहनशीलता कायम गर ।

### घटनाका दोषीहरुलाई कानुनी दायरामा ल्याऊ ।

अन्तर्जातीय विवाहको विषयलाई लिएर गत जेठ १० गते रुकुम पश्चिममा भएको अमानवीय घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गर्दछ । जातीय विभेदको पराकाष्ठाको रुपमा देखिएको उक्त घटनामा नवराज विश्वकर्मा, टीकाराम सुनार, गणेश बूढाको हत्या तथा अन्य ३ जनाको स्थिति अज्ञात रहेको प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

समाजमा जातीय विभेदको स्थितिलाई निर्मूल पार्न व्यवस्था गरिएको नेपालको संविधानको धारा २४ बमोजिमको छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा १८ बमोजिमको समानताको हक, धारा १६ बमोजिमको सम्मानपूर्वक बाँच्न पाउने हक, जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भे्दभाव (कसुर र सजाय) ऐन, २०६८ तथा नेपाल पक्ष भएको सबै किसिमका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ विपरीत यो घटना भएकोले यस्तो अमानवीय र आपराधिक घटनाको सूक्ष्म र निष्पक्ष छानबिन तथा अनुसन्धान गरी घटनामा संलग्न प्रत्येकलाई कानुनी दायरामा ल्याई कारवाही गर्न आयोग नेपाल सरकार, स्थानीय प्रशासनको गम्भीर ध्यानाकर्षण गराउँदछ । यस घटनाका सम्बन्धमा प्रभावकारी अनुसन्धानको लागि आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाबाट स्थानीय प्रहरी र प्रशासनलाई आवश्यक पत्राचार हुनुका साथै जिल्लास्थित मानव अधिकार अवस्था अनुगमन समितिबाट अनुगमन भइरहेको छ ।

देशका विभिन्न जिल्लाहरुमा विगत केही समययता बढ्दै गएको जातीय विभेदको घटनाहरुप्रति शून्य सहनशीलता कायम गरी सबै घटनाहरुको सूक्ष्म र निष्पक्ष अनुसन्धान गरी शीघ्र कानुनी कारवाही गर्न तथा घटनामा जीवन गुमाउनेका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन समेत आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org